स्थानीय तह सदस्य निर्वाचन २०७९ बाट निर्वाचित कार्यपालिका सदस्यहरुको आठौं बैठक

मितिः २०७९ साल श्रावण महिनाको २४ गते मंगलबार

स्थानः मालिका गाउँपालिकाको कार्यालय, म्याग्दी

अध्यक्षताः श्रीमान वेग प्रसाद गर्बुजा, गाउँपालिका अध्यक्ष

उपस्थितिः

श्रीमान वेग प्रसाद गर्बुजा, अध्यक्ष

श्री लक्ष्मीदेवी घर्ती मगर पुन, उपाध्यक्ष

श्री हेमराज काफ्ले, प्रमुख प्रशासकीय अधिकृत

श्री टंक प्रसाद पुन, अध्यक्ष, वडा नं १

श्री उदय कुमार बुढाथोकी, अध्यक्ष, वडा नं २

श्री मोति प्रसाद बुढा, अध्यक्ष, वडा नं ३

श्री भेजेन्द्रमान पुन पुन, अध्यक्ष, वडा नं ४

श्री मिम पुन, अध्यक्ष, वडा नं ५

श्री पथ बहादुर रोका, अध्यक्ष, वडा नं ६

श्री टक बहादुर पुन, अध्यक्ष, वडा नं ७

श्री मन कुमारी पुन, कार्यपालिका महिला सदस्य

श्री प्रतिक्षा वि.क., कार्यपालिका महिला सदस्य

श्री देवी पटेल, कार्यपालिका महिला सदस्य

श्री छरदेवी घर्ती, कार्यपालिका महिला सदस्य

श्री दल बहादुर खड्काथोकी, कार्यपालिका सदस्य

श्री अनुप गौचन, कार्यपालिका सदस्य/प्रवक्ता

आमन्त्रित उपस्थितिः

श्री सोम बहादुर खत्री, अधिकृत (योजना)

श्री विजय सुबेदी, सूचना प्रविधि अधिकृत

श्री लिलाधर गैरे, कार्यालय सहायक

प्रस्तावहरु:

१. विपद् व्यवस्थापन, उद्धार तथा राहत सम्बन्धमा ।

२. शिक्षक छनौट परीक्षा सञ्चालन कार्यविधि सम्बन्धमा ।

३. मालिका गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी का सम्बन्धमा ।

४. गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी का सम्बन्धमा ।

५. आँखा उपचार केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी समझदारी सम्बन्धमा ।

६. जग्गा प्राप्ति सम्बन्धमा ।

७. निर्माणाधीन झोलुङ्गे पुलहरुको म्याद थप सम्बन्धमा

८. बिबिध

निर्णय:

| निर्णय नं | निर्णयको व्यहोरा | कैफि |
|---|---|---|
| १. | क) मालिका गाउँपालिकाको वडा नं २ मा मिति २०७९/०४/१७ गते बिहान गएको पहिरोबाट घाम बहादुर बि.क. को एकाघरका ५ जना सदस्य (निजकी श्रीमती राममाया बि.क., छोरा नबिन बि.क., छोरा राजन बि.क., र छोरी रोजिना बि.क.) को दुखःद् निधन भएकोमा कार्यपालिका र सिङ्गो गाउँपालिका स्तब्ध भएको छ । मृतकको चिर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारमा धैर्य धारण गर्ने शक्ति मिलोस भनी कार्यपालिका कामना गर्दछ । मृतकको परिवारको लागि नेपाल सरकारबाट प्राप्त हुने राहतका लागि जिल्ला प्रशासन कार्यालयलाई छिटो भन्दा छिटो राहत उपलब्ध गराउन अनुरोध गर्ने । गाउँपालिकाको तर्फबाट उक्त परिवारलाई किरिया खर्च बापत रु २५,००० (अक्षरेपि: पच्चीस हजार रुपैयाँ मात्र) उपलब्ध गराउने । साथै उक्त पहिरोमा परी घाइतेहरु गोठे बि.क. र निजकी श्रीमती गोरी बि.क. हरुको उपचारका लागि गाउँपालिकाको तर्फबाट जनही २५,००० (अक्षरेपि पच्चीस हजार रुपैयाँ मात्र) उपलब्ध गराउने ।<br>ख) वडा नं ४ स्थित २०७९/०४/१७ गते महाभिर निवासी श्रीमती शिरमाया श्रीपाली पहिरोमा परी घाइते भएको र निजको पोखरा स्थित गण्डकी | |

वेग प्रसाद गर्बुजा
अध्यक्ष

| | |
|---|---|
| | मेडिकल कलेजमा उपचार भैरहेकोले गाउँपालिकाको तर्फबाट उपचारका लागि जनही २५,००० (अक्षेरपि पच्चीस हजार रुपैयाँ मात्र) उपलब्ध गराउने । ग) मालिका गाउँपालिका वडा नं ३ पात्ले निवासी श्री तेजिन्द्र रोका र दिलिप रोका मुस्ताङ जिल्लामा २०७९/०४/१७ गतयूय राती जिम्मु टिप्न लाग्दा बिष्फोटक पदार्थ बिष्फोटन भई घाइते भएका र हाल उपचाररत रहेको हुँदा निजहरुको उपचारका लागि गाउँपालिकाको तर्फबाट जनही २५,००० (अक्षेरपि पच्चीस हजार रुपैयाँ मात्र) उपलब्ध गराउने । कार्यपालिका सम्पूर्ण घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ । माथि उल्लिखित सम्पूर्ण राहत रकम तथा किरिया खर्च बापतको रकम 'राहत तथा पुनर्स्थापना' शिर्षकबाट खर्च लेखे । |
| २. | बैठकमा प्रस्तुत 'शिक्षक छनौट परीक्षा सञ्चालन कार्यविधि, २०७९' लाई दफावार छलफल गरी दफा ३.८ मा 'र गोला प्रथामा समेत सहभागी गराइने छैन' भन्ने वाक्यांश संशोधन थप गरी सर्वसम्मत रुपमा पारित गरियो । |
| ३. | बैठकमा प्रस्तुत मालिका गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७९ दफावार छलफल गरी सर्वसम्मत रुपमा पारित गरियो । |
| ४. | बैठकमा प्रस्तुत गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९ दफावार छलफल गरी सर्वसम्मत रुपमा पारित गरियो । |
| ५. | प्रस्ताव नं ५ माथि छलफल गरी नेपाल रेडक्रस सोसाइटी, म्याग्दीद्वारा सञ्चालनमा रहेको दरबाङ स्थित आँखा उपचार केन्द्रलाई मिति २०७९/०४/२४ मा रेडक्रस सोसाइटी र गाउँपालिका बिच भएको सम्झौता बमोजिम गाउँपालिकाले सञ्चालन तथा व्यवस्थापन गर्ने र उक्त कार्यका लागि लाग्ने व्ययभार आ.व. २०७९/८० मा विनियोजित 'अन्य संघ संस्था सहयोग' शिर्षकबाट व्यहोर्ने । |
| ६. | प्रस्ताव नं ६ माथि छलफल गरी मालिका गाउँपालिका, म्याग्दीको प्रशासकीय भवन हालसम्म निर्माण नभएको र सो को लागि जग्गा प्राप्ति समेत हालसम्म नभएको हुँदा समग्र सेवा प्रवाह र विकास व्यवस्थापन असहज भएकोले तत्काल जग्गा प्राप्ति गर्नु अत्यावश्यक रहेको र यस अघि जग्गा प्राप्तिका लागि मालपोत कार्यालय, म्याग्दी हुँदै सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय समक्ष |

वेग प्रसाद गरुजा
अध्यक्ष

| | |
|---|---|
| | आवश्यक कागजात समेत संलग्न गरी पठाएकोमा हालसम्म कुनै प्रगति हुन नसकेको ठहर भयो । गाउँपालिकाको प्रशासकीय भवन निर्माण गर्न मालिका गाउँपालिकाको वडा नं ६ दर्बाङ आसपास मात्र सबै वडाहरुलाई पायक पर्ने, अन्य कुनै वडामा निर्माण भएमा भौगोलिक विकटताका कारण सम्बन्धित वडा बाहेक अरु कुनै वडालाई सहज नहुने एवम् प्रशासकीय भवन निर्माण गर्न गाउँपालिकाको नाममा कहीं कतै कुनै वडामा जग्गा नरहेको हुँदा मालिका गाउँपालिका वडा नं ६ दर्बाङबाट हिंडेर ५ मिनेटमा पुगिने स्थान छ्यारछ्यारेमा रहेको साविक दरबाङ गा.वि.स. वडा नं १ क कि.नं. २०४ क्षेत्रफल ५३-४-३-० को सार्वजनिक गौचरण भनी नापी नक्सा भएको जग्गा मध्येबाट गाउँपालिका भवनलाई ५ रोपनी र अस्पताल निर्माणको लागि आवश्यक पर्ने १५ रोपनी 'सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धी मापदण्ड, २०७७' बमोजिम प्राप्त गर्नुको कुनै बिकल्प नरहेको हुँदा मालपोत कार्यालय, म्याग्दी मार्फत सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा आवश्यक कागजात सहित पेश गर्ने निर्णय गरियो । |
| ७. | मालिका गाउँपालिका भित्र निर्माणको क्रममा रहेका ५ वटै झोलुङ्गे पुलको निर्माण कार्य पूर्वनिर्धारित समयमा नसकिने देखिएको एवम् प्राप्त हुनुपर्ने बजेट समयमा प्राप्त नभएकोले सम्बन्धित निर्माण कम्पनीले पेश गर्ने म्याद थपको पत्र हेरी प्रमुख प्रशासकीय अधिकृतबाट म्याद थप गराउने निर्णय गरियो । |
| ८. | क) मालिका गाउँपालिकाका सबै वडाहरुमा मनसुनजन्य विपद्का कारण ठाउँ ठाउँमा पहिरो गएको, बाढीले तटीय क्षेत्र कटान गरेको र बाटो अवरुद्ध भई आवागमन प्रभावित भएकोले प्राविधिक खटाई कुन कुन वडा र स्थानमा बाटो खुलाउन, बस्ती संरक्षण गर्न आवश्यक हो सो को विवरण सङ्कलन गराई आगामी कार्यपालिकाको बैठकबाट थप निर्णय गर्ने ।<br>ख) मनसुनजन्य विपद् बाट बिस्थापित परिवारको व्यवस्थापनका लागि गाउँपालिका अध्यक्षको संयोजकत्वमा सम्बन्धित वडाको वडाध्यक्ष समिति सदस्य एवम् गाउँपालिकाको सम्बन्धित वडा हेर्ने प्राविधिक कर्मचारी सदस्य सचिव रहने समिति गठन गर्ने । सम्बन्धित समितिहरुले स्थलगत अधययन गरी प्रतिवेदन तयार गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने र व्यवस्थापनका लागि निर्णय गर्ने । |

| | |
|---|---|
| | ग) वडा कार्यालयले पेश गरेका तपसिल बमोजिमका पूर्वाधारजन्य क्षतिको प्राविधिकबाट अध्ययन गरी थप निर्णय लिने ।<br>तपसिलः<br>१. वडा नं १ अन्तर्गतको रुम खोला जल विद्युत परियोजनाको बर्षादका कारण भएको क्षति<br>२. वडा नं ३ स्थित छेरवाङ खोला लघु जलबिद्युत आयोजनामा पुगेको क्षति<br>३. वडा नं ६ को दुखु बेशी सिंचाई कुलोको मुहानमा पुगेको क्षति<br>४. वडा नं ६ को तोलावाङ सिंचाई कुलोमा पुगेको क्षति<br>घ) वडा नं ४ को कार्यालयले पेश गरेको 'बाढी तथा पहिरोले पुगेको क्षति तथा जोखिम अनुगमन प्रतिवेदन – २०७९ लाई अनुमोदन गरियो । प्राविधिकबाट थप अध्ययन गराई आगामी कार्यपालिका बैठकबाट थप निर्णय गर्ने ।<br>ङ) मालिका आर्चरी क्लब, दरबाङ, म्याग्दीलाई हालसालै पोखरामा सम्पन्न तारोखेल प्रतियोगितामा द्वितीय स्थान हासिल गरी मालिका गाउँपालिकाको गरिमा बढाएकोले प्रोत्साहन बापत 'अन्य संघ संस्था सहयोग शिर्षकबाट रु ६०,००० (साठी हजार रुपैयाँ मात्र) उपलब्ध गराउने । |